२०७८।९।२१ गतेको
दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित सूचना।

# शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची

प्रकाशित मिति :- २०७८/०९/२१

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्यको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !**

यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको नगरपालिकाको आन्तरिक आम्दानीको स्रोत तर्फ स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद-३ को ११ (२) को (घ) को (६) वमोजिम विभिन्न नदी, खोला तथा वगर क्षेत्रबाट निस्कने ढुङ्गा, वालुवा, गिट्टी र मिस्कट आदिको उत्खनन् तथा संकलन गरी विक्री वितरण गर्नुपूर्व वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ र शितगंगा नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नुपर्ने भएकोले देहायको कार्यको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ बमोजिम परामर्श सेवाको लागि परामर्शदाता प्रतिस्पर्धाबाट नियुक्त गर्नुपर्ने भएकोले TOR सहितको प्रस्तावमा उल्लेखित कार्यका लागि शिलबन्दी आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न योग्य फर्म तथा परामर्श दाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना पत्रिकामा प्रकाशित मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र TOR प्रति सहितको प्रस्ताव फारम रु. १०००।- ( फिर्ता नहुने) यस कार्यालयमा नगदै बुझाई खरिद गर्न सकिने छ । १६ औं दिनको १२:०० बजे भित्र आर्थिक र प्राबिधिक प्रस्ताव शिलबन्दी गरी छुट्टाछुट्टै दर्ता गर्नुपर्ने छ र सोही दिन दिनको १:०० बजे प्रतिनिधिहरुको रोहवरमा प्राविधिक प्रस्तावहरु खोलिने छ । खरिद गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको क्रमस पहिलो दिन सोही समय कायम गरिने छ । प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

| ठेक्का नं. | आइइइ गर्ने खोलाको नाम र क्षेत्र | अधिकतम रकम रू (मु.क.कर बाहेक) |
|---|---|---|
| ३५ (अ १) - २०७८/०७९ | १. सिलिङ्ग खोला शिनपा ८ र ९ :- सिलिङ्ग खोला राप्ती दोभान देखि तिनखण्डे हुदै कात्तिके सम्म<br>२. सुकवेल खोला शिनपा ११ :- सुकवेल खोला शिनपा क्षेत्र<br>३. बहवेल गन्धैला खोला शिनपा ११ :- बहवेल र गन्धैला खोला शिनपा क्षेत्र<br>४. सुरई गनेरी खोला शिनपा ११ :- सुरही गनेरी खोला शिनपा क्षेत्र<br>५. चोर खोला शिनपा ११ :- चोर खोला शिनपा क्षेत्र<br>६. मुसियान खोला शिनपा १३ :- मुसियान खोला शिनपा क्षेत्र | ७७००००।०० |

**आशयपत्रदाता (परामर्शदाता) ले पेश गर्नु पर्ने कागजातहरू**

**१) प्राविधिक प्रस्तावमा निम्नानुसारको विवरण संलग्न गर्नु पर्छ ।**

- परामर्शदाताको कर दर्ता प्रमाण पत्र ।
- फर्म वा कम्पनिको विवरण, संगठन कर्मचारी तथा विज्ञहरुको विवरण र योग्यता ।
- विगत ५ वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण ।
- प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको बैयक्तिक विवरण ।
- प्रस्तावित कार्य गर्न लाग्ने अनुमानित समय
- कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्त प्रतिको प्रभावग्राहीता ।
- सपोटिङ्ग कागजातहरु संलग्न हुनु पर्नेछ ।

**२) अन्य कुराहरू:**

- प्राबिधिक प्रस्तावको अंकभार १०० हुने छ । उत्तीर्णाङ्क ६० अंक हुने छ ।
- प्राबिधिक प्रस्तावमा उत्तिर्णहुनेहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ ।
- आर्थिक प्रस्तावमा आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ ।
- कार्यको प्रतिवेदन बुझाउनु पर्ने समय अधिकतम सम्झौता मितिले ३० दिन मात्र हुनेछ ।
- हरेक श्रोतको लागि अलग अलग प्रतिवेदन २/२ प्रतिका दरले उपलब्ध गराउनु पर्ने छ ।
- प्रतिवेदन तयार गर्दा स्वीकृत IEE कार्यसूचीमा उल्लेखित तोकिएको अनुसूचीको ढाँचामा तयार गर्नु पर्ने छ ।
- अन्य कुराहरुको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।
- प्राविधिक र आर्थिक प्रस्तावको अङ्क जोडी सवैभन्दा धेरै अङ्क प्राप्त गर्ने परामर्श दातालाई छनौट गरिनेछ ।

अन्य केहीकुराहरु बुझ्नु परेमा कार्यालयको फोन नं. ९८५७०६९८१५, ९८५७०६९८१७ मा सम्पर्क गर्नुहोला ।

**प्रमुख प्रशासकीय अधिकृत**

